
**के तपाईंको घर पा( नीले रसाएको छ ?**
**अब चिन्ता नगर्नुहोस् !**
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १० गते आइतबार ❑ 25 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## न्याय मर्न दिनु हुँदैन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले न्यायाधीशहरूले न्याय सम्पादन निष्पक्ष गरिदिएमा न्याय मर्न नपाउने बताउनुभएको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश स्थापनाको पाँच वर्ष पुगेको अवसरमा शनिबार आयोजित ' कार्यालयबाट भएका उपलब्धि, चुनौती, अवसर र भविष्य' विषयक अन्तर्क्रियामा उहाँले भन्नुभयो, "न्याय सम्पादन गर्दा दबाबमा भन्दा पनि न्याय मर्न नदिने किसिमबाट न्यायाधीशहरूले न्याय सम्पादन गर्नुपर्छ ।"

न्यायालयबाट हुने निर्णय विवादास्पद हुन नहुने बताउँदै उहाँले भीडको अवस्थालाई हेरेर निर्णय गर्न नहुने भनाइ राख्नुभयो



। "कानुनभन्दा ठूलो कोही छैन, न्यायालयलाई स्वतन्त्र बनाउन हामी चाहन्छौँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "प्रदेश सरकारले धेरै कानुनहरू बनाउन बाँकी नै छ, त्यसतर्फ आफ्नो ध्यान केन्द्रित छ ।"

सञ्चार विधेयक पनि बनाएर सञ्चार क्षेत्रलाई मर्यादित बनाउने पक्षमा आफू रहेको उहाँको भनाइ थियो । पछिल्लो समय सामाजिक सञ्जाल र विद्युतीय सञ्चारमाध्यममा आउने समाचार भ्रमपूर्ण भएकाले ती सञ्चारमाध्यमलाई नियमन गर्न प्रेस काउन्सिल जिम्मेबार भएर लाग्नुपर्नेमा उहाँको जोड थियो ।

उच्च अदालत पोखराका मुख्य न्यायाधीश डिल्लीराज आचार्यले न्यायको पहुँच दूरदराजको व्यक्तिमा समेत पुग्ने गरी हामीले काम गर्नुपर्नेमा जोड दिनुभयो । छिटो-छरितो न्याय सम्पादन गरुयौं भने न्यायालयप्रतिको विश्वास आम नागरिकले महसुस गर्न सक्ने भनाइ उहाँको थियो ।

कास्की जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद बाँस्तोलाले मुख्य महान्यायाधिवक्ताको कार्यालय गण्डकीले यस क्षेत्रका न्यायालयसँग समन्वय गरी आम नागरिकलाई न्यायप्रतिको सचेतना फैलाउन आवश्यक भएको बताउनुभयो ।

मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकीका महान्यायाधिवक्ता चिरञ्जीवी पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सहन्यायाधिवक्ता नारायणबहादुर थापा, कानुन व्यवसायीका विभिन्न संस्थाका प्रतिनिधिले भनाइ राख्नुभएको थियो ।

## नेपाल साफ च्याम्पियनसीपबाट बाहिरियो

**रासस**
काठमाडौं, ९ असार

भारतमा जारी १४औं संस्करणको साफ च्याम्पियनसीप पुरुष फुटबल प्रतियोगितामा नेपाल समूह चरणबाट बाहिरिएको छ ।

भारतको बेङ्गलोरस्थित कान्तिराभ रङ्गशालामा सम्पन्न खेलमा साविक विजेता भारतसँग २-० गोलअन्तरले पराजित हुँदै नेपाल समूह चरणबाटै बाहिरिएको हो । भारतको जितमा सुनिल क्षेत्री र महेशसिंह नोरिमले एक-एक गोल गरे ।

खेलको पहिलो हाफमा गोलरहित बराबरी खेलेको नेपालले खेलको दोस्रो हाफमा दुई गोल खायो । खेलको ६१औं मिनेटमा सुनिलले गोल गर्दै भारतलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ७०औं मिनेटमा महेशले गोल गर्दै भारतलाई २-० को सहज जित दिलाए । समूह 'ए' मा रहेको भारतले यस जितसँगै सेमिफाइनलमा पुगेको छ । भारतले दुई खेलमा छ अङ्क जोडेको छ । भारतले पहिलो खेलमा पाकिस्तानलाई ४-० ले गोलअन्तरले पराजित गरेको थियो ।

त्यसैगरी नेपाल एक खेलअगावै समूह चरणबाट बाहिरिएको छ । पहिलो खेलमा नेपाल कुवेतसँग ३-१ गोलअन्तरले पराजित भएको थियो । भारतसँगै कुवेत पनि सेमिफाइनल प्रवेश गरेको छ । कुवेतले शनिबार पाकिस्तानलाई ४-० ले हराएको थियो । समूह 'ए' मा रहेको नेपाल र पाकिस्तान भने प्रतियोगिताबाट बाहिरिए । अब नेपालले तेस्रो तथा समूह चरणको अन्तिम खेलमा मङ्गलबार पाकिस्तानविरुद्ध खेल्नेछ ।

## नेपाल चाइना फ्रेण्डसिप ड्रागन बोट रेसको उपाधि चाइनाको सिचुवानलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार



नेपाल चाइना फ्रेण्डसिप ड्रागन बोट रेस प्रतियोगितामा चिनको सिचुवान ड्रागन बोर्ट टिमले उपाधि जितेको छ । पोखराको फेवातालामा शुक्रबार र शनिबार भएको खेलमा सिचुवानको युवा संलग्न टिमले अन्य ७ टोलीलाई पछि पार्दै उपाधि जितेको हो ।

२ सय मिटर र ५ सय मिटरको रेशमा प्रथम हुदै सिचुवानले दोहोरो उपाधि जितेको हो । त्यसै गरी सिचुवानसंग केही सेकेण्डले पछि परेको नेपालको नेपाल एशोसिएशन अफ राष्ट्रिय एजेन्सिज (नारा) को टिम दुबै विधामा उपविजेता हुन सफल भएको छ । शनिबार भएको अन्तिम फाइनल चरणको प्रतिस्प्रर्धामा सिचुवानले ५ सय मिटरको दुरी २ मिनेट २० :९० सेकेण्डमा पार गर्‍यो भने २ सय मिटरको दुरी ५३:८१ सेकेण्डमा पार गर्दै दोहोरो उपाधि माथि कब्जा जमाउन सफल भएको हो । नेपाली टिम नाराले भने ५ सय मिटरको दुरी २ मिनेट २३:८३ सेकेण्डमा पार गर्‍यो भने २ सय मिटरको दुरी ५६:४३ सेकेण्डमा पार गर्दै उपविजेता भएको हो । सिचुवानको उक्त टोली उत्कृष्ट टोली हो भने नेपालको करिब ५ दिनको तयारीमा उक्त ड्रागन बोट रेशमा सहभागि हुनु भएको हो । दोहोरो उपाधि जितेको सिचुवानले सहभागिको एक लाख सहित १२ लाख नगद पुरस्कार समेत प्राप्त गर्न सफल भएको छ । त्यसै गरी नेपालमा पहिलो पटक भएको उक्त प्रतियोगितामा दोहोरो विधामा दोश्रो भएको नाराले भने सहभागिता सहित गरी ८ लाख पुरस्कार प्राप्त गरेको हो । सिंगापुरको एक, चिनको ३ र नेपालका ४ गरी ८ टिम बिच भएको प्रतिस्प्रर्धामा चिनको यूनान प्रान्तको यूनान ड्रागन बोट टिम दुबै विधामा तेश्रो भएको छ। त्यसै गरी नेपालको नेपाल र्‍याफ्टीङ एण्ड क्यानोईङ एशोसियसन (एनआरसीए) चौं थो भएको छ । प्रतियोगितामा सहभागि सबै टिमलाई एक/एक लाख प्रोत्साहन पुरस्कार प्रदान गरिएको पोखरा महानगरका मेयर धनराज आचार्यले बताउनु भयो । प्रतियोगितामा विजेतालाई ५ लाख ५० हजार, उपविजेतालाई ३ लाख ५० हजार र तेश्रो हुनेलाई २ लाखको साथमा ट्रफी मेडल वितरण गरिएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । विजेता खेलाडीहरुलाई राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिना, पर्यटन राज्य मन्त्री शुसिला सिर्पाली, नेपाल स्थित चाइनिज राजदुत छेङ सोङ, पोखराका मेयर धनराज आचार्य, पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पुरस्कार वितरण गर्नु भएको हो । शनिबार बिहानै देखि पानी परेकोले केही समय खेल स्थगित भए पनि पछि खेल संचालन भएसँगै दर्शकहरुको समेत उल्लेखनिय सहभागिता रहेको थियो ।

शुक्रबार २ सय र ५ सय मिटरको दुई/दुई चरणको प्रतिस्प्रर्धा भए पछि दुबै तर्फको विधामा ४ टोली छनौट चरणबाट बाहिरिएको प्रतियोगिताका प्राविधिक प्रमुख मिन बहादुर मगरले बताउनु भयो । चाइना नेपाल फ्रेण्डसिप, पोखरा महानगरपालिका, सिंगापुरको जि.एस.ड्रागन समुह र फेवा डुंगा व्यवसायी संगठनको टिम पहिलो दिनको प्रतिस्प्रर्धाबाट बाहिरिएका हुन् । पुरस्कारको लागि मात्र ३० लाख खर्च भएको छ भने उक्त प्रतियोगिता सहित फेष्टिभल सम्पन्न गर्न करोड बढी खर्च भएको पोखरा महानगरका पर्यटन विकास समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलले बताउनु भयो ।

दक्षिण एसियामै पहिलो पटक पोखरामा आयोजना भएको उक्त बोट रेसमा प्रतियोगितामा सहभागि टिममा १२ जना खेलाडीहरु संलग्न हुन्छ भने ३ जना अतिरिक्त खेलाडी हुन्छन् । एक जनाले चाइनिज ड्रम बजाउदै त्यसको तालमा अन्य खेलाडीहरुले डुंगा खियाउदै आफ्नो निर्धारित दुरी पार गर्न प्रतिस्प्रर्धा गर्ने गर्दछन् । नेपाल पर्यटन बोर्ड, नेपाल स्थित चिनीयाँ दुतावास र पोखरा महानगरपालिकको आयोजना तथा पोखरा पर्यटन परिषद र चाइना ओभरसीज एशोसिएसनको सहआयोजना एवं होटल एशोसिएशन नेपाल (हान), नारा, नेपाल राष्ट्रिय एण्ड क्यानोईङ एशोसियशन तथा अन्य संस्थाहरुसँगको सहकार्यमा उक्त वोट रेस सहित फेष्टिभवल भएको हो ।

## प्रदेश सञ्चार विधेयक स्वतन्त्रताविरोधी हुँदैन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पर्वत, ९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्वतन्त्र र निष्पक्ष पत्रकारिता नै लोकतन्त्रको बलियो आधार भएको बताउनुभएको छ । नेपाल प्रेस युनियन पर्वतको छैटौं जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले राष्ट्रको चौथो अङ्गका रूपमा रहेको पत्रकारिता पेसाले समाज र राष्ट्रलाई सही दिशामा हिँडाउन खबरदारी गरिरहेको बताउनुभयो । उहाँले पत्रकारिता पेसा निष्पक्ष र स्वतन्त्र तथा तटस्थ नभए लोकतन्त्र नै सङ्कटमा पर्ने बताउनुभयो । उहाँले पछिल्लो समय केही सीमित सञ्चारकर्मीका कारण सिङ्गो प्रेस आलोचित बन्दै गएको बताउँदै यसलाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले ल्याउन लागेको सञ्चार विधेयक स्वतन्त्रताविरोधी नहुने स्पष्ट पार्नुभयो । उहाँले सञ्चार विधेयक ल्याएर प्रदेशका सबै सञ्चारमाध्यम र सञ्चार क्षेत्रको व्यवस्थापनमासरकारलागेकोबताउँदै विधेयकमा सञ्चारमाध्यमलाई कुनै अङ्कुश नलगाइने बताउनुभयो । उहाँले अन्य क्षेत्र जस्तै सञ्चार जगत्मा पनि नियमनको आवश्यकता रहेको उहाँको भनाइ छ ।

मुख्यमन्त्री पाण्डेले सीमित स्रोत र साधनका बीच प्रदेशको बजेट सबै जिल्लामा पहुँच पुग्नेगरी वितरण गरिएको दाबी समेत गर्नुभयो । प्रदेशका ११ जिल्लाबाट छनौट भएर आएका अधिकांश योजनालाई प्राथमिकताका आधारमा बजेट विनियोजन गरिएको उहाँको भनाइ छ ।

कार्यक्रममा प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले आम सञ्चार क्षेत्रको विकास र प्रवर्द्धनमा तीनै तहका सरकार उदार हुन नसकेको बताउनुभयो । उहाँले सञ्चारमाध्यमको विकास र विस्तारबाटमात्रैयोमुलुककोलोकतन्त्र संस्थागत हुने बताउँदै यसको सङ्कुचनमा नलाग्न आग्रह गर्नुभयो । सो अवसरमा हरि मखमली प्रेस युनियन पत्रकारिता पुरस्कारबाट स्थानीय र राष्ट्रियस्तरका गरी १० जना पत्रकारलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा संविधानसभा सदस्य अर्जुनप्रसाद जोशी, काँग्रेस पर्वतका सभापति युवराज जोशी, प्रदेश सांसद डिल्लीराम सुवेदी, रेखा गुरुङ, काँग्रेस पर्वतका पूर्वसभापति नवराज गुरुङ, पूर्वजिल्ला सचिव विश्वप्रकाश प्रसाईं, प्रेस युनियनका केन्द्रीय सदस्य माया अधिकारी, पत्रकार महासङ्घ पर्वतका अध्यक्ष सन्तोष थापा, ट्रेड युनियन काँग्रेसका अध्यक्ष सुरेन्द्र केसीलगायतले आफ्ना भनाइ राख्नुभयो ।


**चट्याङको समयमा सतर्क रहौं ।**

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेश स्तरीय पुरुष ह्याण्डबल प्रतियोगिताको उपाधि कास्कीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

गण्डकी प्रदेश स्तरिय पुरुष ह्याण्डबल प्रतियोगिताको उपाधि कास्कीले जितेको छ। पोखरा रंगशालाको बहुउद्धेश्यिय कभर्डहलमा शनिबार भएको फाइनल खेलमा कास्कीले छिमेकी जिल्ला स्याङजालाई १४ का बिरुद्ध २८ को फराकिलो गोल अन्तरले पन्छाउदै उपाधि जितेको हो।



कास्कीको जितमा चन्द्र के.सी.ले १० गोलको योगदान दिए भने स्याङजाका पवन छन्त्यालले डवल ह्याट्रिक गर्न सफल भए। प्रतियोगितामा विजेता भएको कास्कीले उपाधि सहित २५ हजार र उपविजेता स्याङजाले नगद १५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ।

लिगकम नकआउटका आधारमा सञ्चालन भएको प्रतियोगितामा सर्वाधिक गोलकर्ताको उपाधि कास्कीका चन्द्र केसीले प्राप्त गर्न सफल भएको प्रतियोगिताका संयोजक पुष्पा श्रेष्ठले बताउनु भयो। उहाँले प्रतियोगितामा २२ गोल गर्नु भएको थियो। प्रतियोगितामा उत्कृष्ट खेलाडी स्याङजाका पवन छन्त्याल घोषित भए भने उत्कृष्ट गोलरक्षकको उपाधि स्याङजाकै सविन गुरुङ घोषित भए। उनीहरुलाई जनही नगद ५ हजारका साथमा ट्रफी र प्रमाणपत्र वितरण गरिएको थियो।

विजेता खेलाडीहरुलाई प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ, नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष एवं परिषदका संस्थापक सदस्य सचिव तेज बहादुर गुरुङ, अग्रज ह्याण्डबल खेलाडी एवं केन्द्रिय सदस्य राम गुरुङ, खेलकुदकर्मी एवं शिक्षासेवी रत्नमान गुरुङ लगायतले पुरस्कार वितरण गर्नु भएको थियो।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा कास्की जिल्ला ह्याण्डबल संघको व्यवस्थापनमा शुक्रबार देखि पोखरामा संचालन भएको प्रतियोगितामा ५ टिमको सहभागिता रहेको संयोजक श्रेष्ठले बताउनु भयो। कास्की जिल्ला ह्याण्डबल संघका कार्यवाहक अध्यक्ष चित्र थापाको अध्यक्षतामा प्रतियोगिता सम्पन्न भएको सचिव टेक बहादुर गुरुङले बताउनु भयो। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले हालै आयोजना गरेको सातौं पोखरा स्पोर्ट्स अवार्डबाट संघ उत्कृष्ट खेल संघबाट सम्मानित भएको थियो।

# अरोरा परियोजनाको कन्सोर्टियम बैठक पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

एसियाली समाजमा शैक्षिक पाठ्यक्रममार्फत कट्टरपन्थ उन्मुलन तथा समनता प्रबर्द्धनका लागि विश्वविद्यालयहरुको सहयात्रा (अरोरा) परियोजनाको पाँचौ कन्सोर्टियम बैठक पोखरामा सम्पन्न भएको छ।



पोखरा विश्वविद्यालयको आयोजनामा सम्पन्न बैठकमा युरोप र एसियाका १२ वटा विश्वविद्यालयहरुले सहभागिता जनाएका थिए। पोखरा विश्वविद्यालयका उप कुलपति प्रा. डा. प्रेमनारायण अर्यालले समुद्घाटन गर्नुभएको बैठकका विभिन्न सत्रमा पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. दिपक बहादुर भण्डारी, अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक डा. नमराज धामी, उपप्राध्यापकहरु डा. अर्जुन थापा, अनिता दाहाल र सुवास मल्लले आफ्नो भनाइहरु राख्नुभएको थियो। असार ५ गते शुरु भएको बैठक चार दिनसम्म चलेको थियो। बैठकले कट्टरपन्थ उन्मुलनका सन्दर्भमा विभिन्न विश्वविद्यालयहरुले तयार पारेको तालिम पाठ्यक्रमहरुको समिक्षा गरेको थियो। साथै पाठ्यक्रमहरुलाई डिजिटल प्रविधिबाट अगाडि लैजाने गरी कार्ययोजना तयार पारेको थियो। बैठकले सहयात्री विश्वविद्यालयहरुले बनाएको अरोरा क्लवहरुको संजाल तयार पारी विद्यार्थीहरुलाई समेत अन्तर्राष्ट्रिय स्तरमा सहकार्य गर्ने वातावरण बनाउने निर्णय गरेको परियोजनाका पोखरा विश्वविद्यालय व्यवस्थापक टेक बहादुर क्षेत्रीले जानकारी दिनुभयो। बैठकको क्रममा सहभागीहरुले पोखरा विश्वविद्यालयका पदाधिकारीहरुसँग बैठक समेत गरेका थिए। त्यसै गरी पोखरा विश्वविद्यालयमा स्थापना भएको अरोरा क्लवको भ्रमण गरी त्यसका गतिविधिहरुबारे जानकारी लिएका थिए। सहभागीहरुलाई अरोरा क्लव पोखरा विश्वविद्यालयका अध्यक्ष सुरजराज केशरी र उपाध्यक्ष गृष्मा अधिकारीले क्लवका गतिविधि र सिकाईबारे प्रस्तुतिकरण गर्नुभएको थियो। नेपाल, भारत, स्पेन, रोमानिया, चेक गणतन्त्र र आयरल्याण्डका विश्वविद्यालयका प्राध्यापकहरुको टोलीले पोखरा बसाईंका क्रममा फेवाताल, बेगनास ताल, पुम्दीकोट शिव मूर्ति, विश्व शान्ति स्तूपा, डेभिज फल्स, गुप्तेश्वर गुफा, सराङ्गकोट लगायतका स्थलहरुको भ्रमण समेत गरेका थिए।

बैठकको समापन समारोहमा बोल्दै परियोजनाका अन्तर्राष्ट्रिय संयोजक वनस्थली विद्यापिठ भारतका डा. अजय सुरानाले बैठकका निश्कर्षहरुलाई लागु गर्न सबै विश्वविद्यालयहरुलाई अनुरोध गर्नुभयो। त्यसै गरी मालागा विश्वविद्यालय, स्पेनका जिसस देलगादोले बैठक सफल भएको र सकारात्मक विश्व निर्माणमा यसले थोरै भए पनि भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

# लागुऔषध सम्बन्धी जनचेतनमुलक नेपाली चलचित्र सरी ममको विशेष प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

युनाइटेड क्लब पोखराले लागुऔषध दुर्ब्यसन बिरुद्धको अभियान कार्यक्रमसंगै लागुऔषध सम्बन्धी जनचेतनमुलक नेपाली चलचित्र सरी ममको विशेष शो कार्यक्रम सम्पन्न गरेको छ।

पोखराकोसभागृहचोकमारहेको मिड टाउनमा आयोजना गरिएको सचेनतनामुलक चलचित्र सरी ममको विशेष शो कार्यक्रममा वोल्दै गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सुदर्शन कोइरालाले मुलुकमा विभिन्न विद्या र क्षेत्रका चलचित्रहरु निर्माण भइरहदा लागुऔषध दुर्ब्यसनी सम्बन्धी चलचित्रहरु निर्माण हुनु उदाहरणीय काम भएको बताए। लागुऔषध दुर्ब्यसनी सम्बन्धी बनेको सरी मम जस्ता चलचित्रहरु निर्माणका लागी सम्पूर्ण जनताहरुले यस्ता चलचित्रको अवलोकन गरी प्रोत्साहन गर्न जरुरी रहेको उनको भनाइ रहेको थियो। त्यस्तै सरी मम चलचित्रका निर्माता बिनोद लामाले पछिल्लो समय समाजमा बिकराल अवस्थामा अगाडी वढिरहेको लागुऔषध दुर्ब्यसनी सम्बन्धि विषयवस्तुलाई समेटेर निर्माण गरेको सरी मम चलचित्रको विशेष प्रदर्शनी आयोजना गरेकोमा आयोजक युनाइटेड क्लब परिवार प्रति आभार प्रकट गरे। लामाले आफ्नो चलचित्र विभिन्न सामाजिक संघ संस्था, विद्यालय र सरकारी निकायले अवलोकन गर्नेमा समेत आफु विश्वस्त रहेको बताए।

युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले एन एफ आइ क्रियशनको प्रस्तुती रहेको चलचित्र सरी मम संग सहकार्य गर्न पाएकोमा आभार प्रकट गरे। सामाजिक क्रियाकलापहरु चलचित्रको माध्यामबाट पनि जगाउन सकिने बताउदै अध्यक्ष श्रेष्ठले यसअघिपनि बिनोद लामाद्धारा निर्माण गरिएको कखरा वस्ता बृत्तचित्रहरु समेत युनाइटेड क्लबकै सहकार्यमा प्रदर्शन गरिएको र सरी मम जस्ता सचेतनामुलक चलचित्रलाई विभिन्न सामाजिक संघ संस्थाहरुले आ आफ्नो तर्फबाट प्रोत्साहन गरी प्रदर्शन गराउन सकेको खण्डमा सामाजिक कुरितिहरु समेत घट्दै जाने बताए। युनाइटेड क्लबका प्रथम उपाध्यक्ष गणेश तिमिल्सिनाले कार्यक्रममा स्वागत मन्तब्य राख्दै युनाइटेड क्लवले स्थापना कालदेखीनै शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन सेतीनदी संरक्षणमा काम गर्दै आइरहेको र वार्षिक तालिका अनुसार लागुऔषध दुर्ब्यसनीको क्षेत्रमा समेत आफुहरुले सचेतनामुलक कार्यक्रम गर्दै आइरहदा यो पटक सरी मम चलचित्रको विशेष प्रदर्शनी मार्फत विशेष गरी विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी चलचित्रको प्रदर्शनी गरिएको वताए। चलचित्रको विशेष प्रदर्शनीमा युनाइटेड क्लवबका सल्लाहकार, पदाधिकारी, कार्यसमिति सदस्य, आजीवन सदस्य, साधारण सदस्य, प्याब्सन कास्की, हिसान कास्की, एन प्याब्सन कास्की, लागु औषध न्युनीकरण सम्बन्धी काम गर्ने संस्थाका पदाधिकारी र सदस्यहरु सहित चलचित्रका मुख्य पात्र एवं अभिनेता प्रभात पाल ठकुरीको समेत उपस्थिती रहेको क्लवका महासचिव दिनेश सुनारले जानकारी दिए।

# आशिर्वाद क्लवको अध्यक्षमा मनिष र सचिवमा अर्जुन

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

पोखरा महानगरपालिका वडा नं १३ स्थित आशिर्वाद क्लब अफ नेपालको प्रथम अधिवेशन तथा साधारण सभाले मनिष वरालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।



क्लवको इन्चार्जमा रवि वराल, सचिव -अर्जुन बराल, उपाध्यक्षमा क्रमश आर्सन बराल, सुशान्त बराल, अन्कीता बराल, समग्र बिभाग प्रमुख सुरज पौडेल, संस्कृति बिभाग प्रमुख सुशान्त पौडेल, सह सचिवमा क्रमश शिशिर बराल, दिनिशा लामिछाने, भिषण बराल, कोषाध्यक्षमा सोम गुरुङ चयन भएका छन्। त्यसैगरी खेलकुद बिभाग प्रमुखमा अनिश बराल, स्वस्थ बिभाग प्रमुख रुबी बराल, स्वास्थ्य विभाग प्रमुखमा ओजन बराल र कमिटी सदस्यहरुमा क्रमश अशोक साही, बबिता भण्डारी, निशा देवकोटा,गणेश बराल, बिजय बराल, रोशनी बराल,बिध्या बराल, मनिष बराल,विस्वास खनाल, सागर बराल, शशी छेत्री बराल,आयुश्का बराल,बिनायाक अधिकारी,आशिष बराल,सङ्म सुनार, कमल पौडेल,आयुष बराल,सन्देश सापकोटा,आशिष सिग्देल, सुजन बराल,बिनायक घामल,सक्रिय वराल, विशाल वराल, बिशाल भुजेल,चर्चित बराल,बिजय भुजेल, बिनिता बराल,कृष्ण बास्तकोटी र बिजय (मनिष ) बराल छन्।

आशिर्वाद क्लब अफ नेपालका संरक्षक दर्शन लामा र वडा नं १३ का सदस्य रजनि परियारको प्रमुख अतिथिमा साधारण सभा शनिवार भएको थियो। क्लवका संस्थापक इन्चार्ज विक्रम बराल, संस्थापक अध्यक्ष रवि बराल, संस्थापक उपाध्यक्ष उज्ज्वल बराल, सुस्मिता पौडेल र संस्थापक सचिव अस्मित बरालले नेतृत्व गरेको क्लबको संस्थापक कमिटिलाई बिदाई गरिएको छ। इन्चार्ज रवी बराल र अध्यक्ष मनिष बराल को नेतृत्वमा प्रथम अधिवेशन तथा साधारण सभा सम्पन्न गरि दोस्रो कमिटि निर्माण गरिएको हो।

निर्वाचित अध्यक्ष मनिषले संस्कृतिक पर्यटन विकासका निम्ति बृहत संस्कृति भजन प्रतियोगिता गरिने भने। आर्वाको पहिचानमा टोवा पुराउने गरि दशै तिहार विशेष फुटबल प्रतियोगिता गरिने, संस्कृतिक साहित्यक साँझ, आँखा शिविर र स्लो बाईक रेसको निरन्तरता दिइने अध्यक्ष मनिषले भने। क्लवको भवन निर्माणको लागि पहली कदम चालिने अध्यक्ष मनिषले भने। क्लवलाइ अझै व्यवस्थित र अपनत्व भावान सिर्जन गर्न भवनको लागि पहल गर्ने अध्यक्ष मनिषले वताए।

# चटयाङ लागेर ४५ भेडा मरे

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ फुर्केरुख खर्कमा चट्याङ लागेर ४५ भेडा मरेका छन्।

अन्नपूर्ण-३ ठाडाका छकबहादुर पुनको गोठमा चट्याङ परेर भेडा मरेका हुन्। अन्नपूर्ण गाउँपालिकाको पशु सेवा शाखाका प्राविधिक प्रकाश जिसीले आज विहान १ बजेतिर परेको चट्याङ्ले लागेर ४५ भेडा मरेका जानकारी दिनुभयो।


"बिहानै कृषकले ४५ भेडा मरेको जानकारी गराएपछि हामीहरू घटनास्थलतर्फ जाने तयारीमा छौं", उहाँले भन्नुभयो "चरनका लागि लेकमा लगेका भेडा खर्कमा बास बसेको ठाउँमा चट्याङ पर्दा गोठाला पनि सामान्य घाइते भएका छन्।" गाउँपालिकाका जनप्रतिनिधि, प्रहरी र जनप्रतिनिधिको टोली घटनास्थलतर्फ गएको छ। घटनास्थलतर्फ जाँदै गरेका अन्नपूर्ण गाउँपालिका-४ का वडासदस्य श्याम पुर्जाले चट्याङ लाखौंको पशुधनको क्षति भएको बताउनुभयो। रु ११ लाखभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाइसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# चिनियाँ पर्यटक आकर्षित गर्ने अवसर

पोखरामा पहिलोपटक भएको ड्रागन बोट रेसमा चीनको युनान ड्रागन बोट रेस टिम प्रथम भएको छ । नेपालले दोस्रो स्थान लिन सफल भएको छ । शनिबार अन्तिम दिन आयोजित अन्तिम प्रतियोगिता अन्तर्गत पाँच मिटर रेसमा चीनको युनानले प्रथम स्थान हात पारेको हो भने नेपालले दोस्रो स्थान लिन सफल भएको छ । नेपालको २ टिम र चिनियाँ २ टिम बीच उपाधीका लागि भएको अन्तिम प्रतिस्पर्धामा युनान ड्रागन बोट टिम प्रथम भयो । यस अन्तर्गत नारा नेपाल टिम दोस्रो र सिचुवान ड्रागन बोट टिम तेस्रो भएका छन् ।

नेपालकोतर्फ बाट प्रतिस्पर्धामा सहभागी ४ टिम मध्ये 'नारा ड्रागन बोट टीम' र 'एनआसीए ड्रागन बोट टीम'ले अन्तिम ४ मा स्थान लिएका थिए । पोखरामा दक्षिण एसियाकै पहिलोपटक यो प्रतिस्पर्धा शुक्रबारदेखि दुई दिन पोखराको फेवातालमा भएको थियो । पाँच सय मिटरतर्फ विजेताले ५ लाख, उपविजेताले ३ लाख र तेस्रो स्थान हासिल गर्नेले २ लाख रुपैयाँ पाएका छन । २ सय मिटर दौडतर्फ विजेताले ३ लाख, उपविजेताले २ लाख र तेस्रोले १ लाख रुपैया पाएका छन ।

ड्रागनजस्तै देखिने गरी बनाइएको लामो, साँघुरो डुंगाको अगाडि बसेर एक जनाले ड्रम बजाउँछन् । ड्रमको तालमा १० जनाले डुंगा खियाउँछन् । पुछारमा बस्ने एक जनाले डुंगाको दिशा मिलाउँछन् । सहभागीले आफ्नो डुंगालाई छोटो समयमा अन्तिम रेखासम्म पुऱ्याउने प्रयास गर्नुका साथै 'साझेदारी, शारीरिक तन्दुरुस्ती, सांस्कृतिक आदानप्रदान र सामुदायिक संलग्नतालाई महत्त्व दिने यस्को विशेषता हो । यो प्रतियोगिता ५० भन्दा बढी देशमा आयोजना भइसकेको छ । एसियाली खेलकुद र ओलम्पिकमा पनि प्रवेश गरिसकेको छ । यो चीनका चार महत्त्वपूर्ण परम्परागत चाडमध्ये एक हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती र नेपालका लागि चिनियाँ राजदूत छन् सोङले महोत्सव उद्घाटन गरेको प्रतियोगितामा पुरस्कारमा ३० लाख रुपैयाँ खर्च भएको छ। फेस्टिभलका लागि चीनबाटै आठ वटा विशेष डुंगा पोखरा ल्याइएको थियो । चीनको छेङ्दुबाट सिचुवान एयरलाइन्सको चार्टर्ड उडानबाट बुधबार ६० जना खेलाडीसहितको चिनियाँ टोली पोखरा विमानस्थल ओर्लिएको थियो । चीनले यस प्रकारको डुंगा दौड उत्सव ५० भन्दा बढी देश तथा क्षेत्रमा आयोजना गर्दै आएको छ ।

हरेक वर्ष ड्रागन बोट रेस फेस्टिभल पोखरामा हुने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्रतिबद्धता जनाएका छन । चिनियाँ दूतावास, नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा दक्षिण एसियामै पहिलोपल्ट 'नेपाल-चाइना फ्रेन्डसिप ड्रागन बोट रेस फेस्टिभल' सुरु भएको हो । फेस्टिभलमा आठ टोली डुंगा दौड प्रतियोगितामा भाग लिएका थिए । पाँच सय र दुई सय मिटरको दूरीमा भएको डुंगा दौडमा ४ चिनियाँ र ४ नेपाली टिम सहभागी थिए ।

प्रतियोगितामा सिचुवान ड्रागन बोट टिम, युवान ड्रागन बोट टिम, एसजी ड्रागन्स, सिंगापुर, चाइना-नेपाल फ्रेन्डसिप ड्रागन बोट टिम पोखरा, नारा ड्रागन बोट टिम नेपाल, एनआरसीए बोट टिम नेपाल, फेवा लेक ड्रागन बोट टिम र पोखरा मेट्रोपोलिटिन ड्रागन बोट टिमले मैत्रीपूर्ण प्रतिस्पर्धा गरेका थिए । चीनमा लोकप्रिय र पुरानो खेल पोखरामा हुनु र चिनियाँ पर्यटनलाई आकर्षित गर्ने मौका पनि हो । पोखराको पर्यटन प्रवर्द्धन गर्न ठूलो सघाउ पुग्नेछ । पोखरामा सिधै अन्तर्राष्ट्रिय उडान हुन सक्ने भएको सन्देश चीनको छेन्दुबाट सिचुवान एयरलाइन्सले चार्टर्ड उडानले दिएको छ। अब नियमित उडानको वातावरण बनाउने र चिनियाँ पर्यटकलाई आकर्षित गर्ने काममा सरकार र निजी क्षेत्र लाग्नु जरुरी छ ।

# नक्कली परीक्षार्थी बन्ने सशस्त्र प्रहरी जवान पक्राउ

**पोखरापत्र संवाददाता**
गलकोट, ९ असार

सवारीचालक अनुमतीपत्रको प्रयोगात्मक परीक्षामा सहभागी नक्कली परिक्षार्थीलाई प्रहरीले शनिबार पक्राउ गरेको छ ।

यातायात व्यवस्था कार्यालय बागलुङले माझ्कीबस्तीमा लिइरहेको ट्रायल सेन्टरमा परीक्षा दिन गएका सशस्त्र प्रहरी जवान गणेश कोहरिलाई नक्कली परीक्षार्थी बनेको आरोपमा पक्राउ गरिएको हो। कोहरीलाई सहायक हवल्दार विनोद नेपालीका नाममा परीक्षा दिँदै अवस्थामा पक्राउ गरिएको बागलुङका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी मदन केसीले जानकारी दिनुभयो । नक्कली परीक्षार्थी बनेका कोहरी सशस्त्र प्रहरी बल रुपन्देहीमा कार्यरत हुनुहुन्छ भने सशस्त्र प्रहरी बलको सहायक हवल्दार पदमा कार्यरत नेपाली कास्कीस्थित सशस्त्र बाहिनीमा कार्यरत हुनुहुन्छ । प्रहरीले नेपालीलाई अनुसन्धका लागि बोलाउने तयारी भइरहेको केसीको भनाइ छ ।

# श्रमिक बालबालिकालाई शैक्षिक सामग्री पोशाक हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

पोखरा उद्योग वाणिज्य संघअन्तर्गत सचालित बालश्रम न्यूनीकरण कार्यक्रमले पोखरा नगरभित्रका न्यून आए भएका १०६ जना विद्यार्थीहरुलाई शैक्षिक सामग्री तथा विद्यालय पोशाक वितरण गरेको छ ।

आर्थिक दुरावस्थाकै कारण विद्यालय छाडेका, छाड्ने जोखिम भएका,विद्यालय नियमित नभएका तथा श्रममा रहेका तथा यसै शैक्षिक सत्रमा विद्यालय भर्ना भएका विद्यार्थीहरुलाई शैक्षिक सामग्री तथा पोशाक वितरण गरिएको बालश्रम न्यूनीकरण कार्यक्रमका अध्यक्ष तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचनले जानकारी दिए ।

शनिबार गण्डकी प्रदेशका सांसद,पूर्वमन्त्री तथा



पोखरा उद्योग वाणिज्य सघका समेत पूर्वअध्यक्ष विन्दुकुमार थापासहितका अतिथिहरुले विद्यार्थीहरुलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको हो । सो अवसरमा बोल्दै प्रमुख अतिथि सांसद थापाले विद्यार्थीहरुलाई विद्यालय नछाड्न आग्रह मात्रै गरेनन्, आवश्यक परे उनीहरुलाई सघाउने वचन पनि दिए । पोखरा उद्योग वाणिज्य संघका वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्य तथा महासचिव बलराम आचार्यले घरेलु कामदारको रुपमा रहेका श्रमिक बालबालिकाको पढ्ने अधिकार सुनिश्चित गराउने अभियानमा समाजले नै सघाउनुपर्ने धारणा राखे । बालश्रम न्यूनीकरण कार्यक्रमकी कार्यक्रम परियोजना अधिकृत प्रिति पाण्डेको स्वागत तथा सुफल घिमिरेको संचालन रहेको कार्यक्रममा संघका उपमहासचिव शोभा गौतम तथा कार्यसमिति सदस्य सुदीप प्रधानाङ्गको पनि सहभागिता रहेको थियो ।

# जिम्बावेले वेस्ट इन्डिजलाई हरायो

**रासस**
काठमाडौं ९ असार

आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगितामा जिम्बावेले वेस्ट इन्डिजलाई पराजित गरेको छ ।

जिम्बावेको हरारेस्थित हरारे स्पोर्टस् क्लबमा आज भएको खेलमा घरेलु टोली जिम्बावेले वेस्ट इन्डिजलाई ३५ रनले पराजित गरेको हो । योसँगै समूह 'ए' बाट घरेलु टाली जिम्बावे, वेस्ट इन्डिज र नेदरल्यान्डस् प्रतियोगिताको सुपर सिक्समा प्रवेश गरेका छन् । सोही समूहमा रहेका नेपाल र अमेरिका भने प्रतियोगिताबाट बाहिरिएका छन् । घरेलु टोली जिम्बावेले वेस्टइन्डिजलाई जितका लागि दुई सय ६९ रनको चुनौती दिएको थियो । जवाफमा वेस्ट इन्डिज ४४ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै दुई सय ३३ रनमा समेटियो । वेस्ट इन्डिजका लागि कायल मयर्सले सर्वाधिक ५६ रन बनाए भने रोस्टेन चसेले ४४ रन बनाए । त्यस्तै कप्तान साइ होपले ३० रन बनाउँदा निकोलस पुरनले ३४ रन बनाए । ब्रेन्डन किङ्गले २० तथा जेसन होल्डर १९ रनमा आउट भए । जिम्बावेका तीव्रगतिका बलर टेन्डाइ चताराले सर्वाधिक तीन विकेट लिए भने सिकन्दर राजा, ब्लेसिङ मुर्जाबानी र रिचर्ड नगारावाले समान दुई-दुई विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको जिम्बावेले ४९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै दुई सय ६८ रन बनाएको थियो ।

जिम्बावेका लागि सिकन्दर राजाले ५८ बलमा छ चौका र दुई छक्कासहित सर्वाधिक ६८ रन बनाएका थिए । यसैगरी रायन बर्लले ५० रन जोडे भने क्रेग ईर्विनले ४७ तथा सन विलियम्सले २३ रन बनाए । वेस्टइन्डिजका किमो पलले तीन विकेट लिए भने अल्जारी जोसेफ र अकिल हुसैनले समान दुई-दुई विकेट लिए । अब जिम्बावेले समूह चरणको आफ्नो अन्तिम खेल सोमबार अमेरिकासँग खेल्नेछ ।

# लामा र अग्लो पुल हेर्न आउने विदेशी पर्यटक बढ्दै

**पोखरापत्र संवाददाता**
गल्याङ, ९ असार

स्याङ्जामा लामो र अग्लो झोलुङ्गे पुल हेर्न आउने विदेशी पर्यटकको सङ्ख्या बढ्दै जान थालेको छ ।

गल्याङ नगरपालिका ८ र ७ जोड्ने चिउरीस्थित आँधीखोलामाथि तीन सय ६८ मिटर लामो, एक सय ९० मिटर अग्लो झोलुङ्गे पुल दुई वर्ष पहिले निर्माण भएको थियो । अघिल्लो वर्षभन्दा यस वर्ष धेरै गर्मी बढेको छ । गर्मी छल्न भारतीय नागरिक पोखरा, कुस्मा र मुक्तिनाथ आउने गरेका छन् । भारतीय नागरिकका लागि पोखरा, कुस्मा र मुक्तिनाथ जान सिद्धार्थ राजमार्ग सबैभन्दा छोटो र सजिलो राजमार्ग हो ।

सो राजमार्गको छेवैमा भएकाले पनि घुम्न हिँडेका भारतीय नागरिक चिउरीको झोलुङ्गे पुलको अवलोकन गरेर जान्छन् । यस्तै चीन, जापान, अमेरिका, जर्मनलगायत विभिन्न मुलुकबाट पोखरा घुम्न आएका विदेशी पर्यटक गौतमबुद्धको जन्मथलो लुम्बिनीमा जान पनि सिद्धार्थ राजमार्ग नै बढी प्रयोग गर्छन् । स्थानीय भीमबहादुर रानाले अघिल्लो वर्षका तुलनामा यस वर्ष धेरै भारतीय पर्यटकले चिउरीमा रहेको पुल भ्रमण गरेको



बताउनुभयो । उहाँले भारतबाट बुटवल पाल्पा हुँदै पोखरा, कुस्मा र मुक्तिनाथ जाने हरेक भारतीय पर्यटकका गाडी अग्लो र लामो झोलुङ्गे पुल हेर्न चिउरीमा रोकिने गरेको बताउनुभयो । "कुनै समय यहाँ फोटो खिच्ने र टिकटक बनाउने आन्तरिक पर्यटकको अत्यधिक चाप हुने गर्दछ ।" रानाले भन्नुभयो, "अहिले पुल हेर्न आउने आन्तरिक पर्यटक घटेका छन् तर विदेशी पर्यटक बढ्दै गएका छन् ।" पर्यटकको मनोरञ्जनको साधन मात्र नभएर उहाँले झोलुङ्गे पुल स्थानीयस्तरमा उत्पादित वस्तुको बजारीकरणका लागि कोसेढुङ्गा साबित भएको बताउनुभयो । गल्याङ-७ पेलाकोटमा रहेको केदारनाथ मन्दिरमा दर्शन तथा पूजाका लागि तीर्थयात्रीलाई पुलले सहज बनाएको केदारनाथ मन्दिर धार्मिक तथा पर्यटन विकास समितिका सचिव टीकाराम पाठकले बताउनुभयो । उहाँले मन्दिरमा जान लाग्ने दुई घण्टाको बाटो आधा घण्टामा छोटिएको बताउनुभयो । गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले झोलुङ्गे पुल अवलोकनका लागि आउने पर्यटकको सङ्ख्या बढेपछि चिउरीमा हाल पार्किङ र पुलसम्म जान आउन रेलिङसहितको पदमार्ग निर्माण गरिएको बताउनुभयो । झोलुङ्गे पुल नुवाकोटस्थित एसए शैलेन्द्र जेभीले २०७८ असार मसान्तमा सम्पन्न गरेर सर्वसाधारणका लागि खुला गरेको थियो । पुल रु एक करोड ८३ लाखमा ठेक्का सम्झौता भएको थियो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २५ हेमजा स्थित खुल्ला व्यायमशाला सिंढीको मुख निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नामः खुल्ला व्यायमशाला सिंढीको मुख
स्थानः पोखरा-२५, सुन्दुरपुरी चोक, हेमजा, कास्की
योजना सुरु भएको मिति : २०८०/०१/२६ गते
योजना सम्पन्न भएको मितिः २०८०/०२/२५ गते
योजनाको कुल लागत : रु. ९,४१,५३४.२१।-
महानगरबाट विनियोजित रकम : रु. ८,००,०००।-
जन सहभागितावाट : रु. १,४१,५३४.२१।-
उपभोक्ता समिति अध्यक्षः दिपकराज अधिकारी

**खुल्ला व्यायमशाला सिंढीको मुख निर्माण उपभोक्ता समिति पोखरा-१७, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ३३ स्थित महारुद्र मन्दिरको सौन्दर्यकरण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नामः महारुद्र मन्दिरको सौन्दर्यकरण कार्य
स्थानः पोखरा-३३, कास्की
योजना सम्झौता मिति : २०८०/०२/१८ गते
योजना सुरु भएको मिति : २०८०/०२/१९ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/१० गते
योजनाको कुल लागत : रु. ६,२५,०००।-
महानगरपालिकाबाट प्रप्त हुने रकम : रु. १,२५,०००।-
नेपाल पर्यटन वोर्ड प्राप्त हुने रकमः रु. ५,००,०००।-
उपभोक्ता समिति अध्यक्षः कृष्ण प्रसाद आचार्य
सम्पर्क नं.: ९८४६४१८४०२

**निलकण्ठेश्वर महादेव मन्दिर निर्माण उपभोक्ता समिति पोखरा-३३, कास्की**


# अनुदानमा स्याउका बिरुवा वितरण

**पोखरापत्र संवाददाता**
मनाङ, ९ असार

यहाँका कृषकलाई अनुदानमा स्याउका बिरुवा वितरण गरिएको छ । कृषि विकास निर्देशनालय गण्डकी प्रदेश पोखराबाट कृषि ज्ञान केन्द्र मनाङमार्फत ७५ प्रतिशत अनुदानमा स्याउका बिरुवा वितरण गरिएको हो ।

निर्देशनालयले मनाङमा चालु आर्थिक वर्षमा १३ हजार पाँच सय ४० बिरुवा वितरण गरेको कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख राजेश्वर सिलवालले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयले उच्च घनत्व (हाइडेन्सिटी) प्रविधिमा आधारित स्याउका बिरुवा वितरण गरिएको छ ।

कृषकलाई जोनाप्रिन्स चार हजार पाँच सय ५०, गाला चार हजार पाँच सय ३०, फुजी दुई हजार दुई सय ५०, रेड डेलिसियस एक हजार चार सय ३० र गोल्डेन डेलिसियस सात सय ८० प्रजातिका बिरुवा वितरण गरिएको प्रमुख सिलवालले बताउनुभयो । इटालीबाट मनाङसम्म ल्याउँदा प्रतिबिरुवाको रु एक हजार ७९ परेकामा किसानलाई प्रतिबिरुवा रु दुई सय ६९ मा वितरण गरिएको उहाँले बताउनुभयो ।

कार्यालयका अनुसार इटालीबाट ल्याइएका स्याउका बिरुवा कृषि फार्म, कृषक, कृषि कम्पनीलाई ७५ प्रतिशत अनुदानमा वितरण गरिएको छ । बढी स्याउ उत्पादन हुने डिस्याङ गाउँपालिकाका किसानलाई ११ हजार आठ सय ४०, नार्सो गाउँपालिकामा एक हजार पाँच सय ७० र चामे गाउँपालिकामा एक सय ३० बिरुवा वितरण गरिएको हो । पछिल्लो समय मनाङमा जनघनत्व प्रविधिको स्याउ खेतीमा किसानको आकर्षण बढ्दो रहेको प्रमुख सिलवालले बताउनुभयो । डिस्याङ-१ भ्राताङस्थित एग्रो मनाङ प्रालिले नेपालमै पहिलो पटक हाइडेन्सिटी प्रविधिका स्याउका बिरुवा ल्याएको उहाँले बताउनुभयो । यसले गर्दा यस प्रविधिको खेतीमा किसानको आकर्षण बढ्न थालेको उहाँले बताउनुभयो । मनाङमा मात्रै नभएर मुस्ताङ, जुम्ला, सोलखुम्बु, गोरखा, कालीकोट, मुगुलगायत जिल्लामा हाइडेन्सिटी प्रविधिको स्याउ खेती गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । हाइडेन्सिटी स्याउका बिरुवा विदेशबाट ल्याउँदा महँगो पर्ने र विभिन्न रोग भित्रिन सक्ने सम्भाव्यतालाई दृष्टिगत गरी नेपालमै यस प्रविधिका स्याउका बिरुवा उत्पादन गर्न सकिए किसानलाई मात्रै नभएर देशकै लागि फाइदाजनक हुने कृषि ज्ञान केन्द्रले जनाएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सम्मान मिल्नेछ | तुला | शत्रुको भय |
| वृष | अप्रत्यसित लाभ | वृश्चिक | झमेला बढ्ने |
| मिथुन | आर्थिक समस्या | धनु | कार्यमा सफलता |
| कर्कट | मानसिक तनाब | मकर | मन चञ्चल |
| सिंह | शारीरिक झमेला | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | ब्यापारमा लाभ | मीन | सत्कार मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# हेमजाको देवीस्थान टोलमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

तेस्रो संस्करणको हेमजा हिले महोत्सव नजिकै आइपुग्दा पोखरा महानगरपालिका वडा न. २५ हेमजाको देवीस्थान टोलमा सरसफाई गरिएको छ।

तेस्रो संस्करणको महोत्सव नजिकिँदै गर्दा हिले महोत्सव आयोजक देवीस्थान सेवा समाजको आयोजनामा हेमजा बोडिडेदेखि देवीस्थान (माइ स्थान ) मन्दिरसम्म रहेको फोहोर मैला संकलन गरि सरसफाई गरिएको थियो। उक्त अवसरमा देवीस्थान सेवा समाजका पदाधिकारीहरु तथा हेमजामा रहेका विभिन्न आमा समुह र देवीस्थान टोल विकासले सहभागीता जनाएको देवीस्थान सेवा समाजका सचिव जिबन खत्रीले जानकारी दिनुभयो।



सरसफाइ कार्यक्रममा संकलन फोहोरलाई बोरामा राखी महानगरको फोहोर संकलन गर्ने सवारीमार्फत व्यवस्थापन गरिएको सचिव खत्रीले बताउनुभयो। देवीस्थान सेवा समाज पोखरा २५ हेमजाको आयोजनामा यही असार १५ गते तेस्रो हेमजा हिले महोत्सव हुदैछ। 'कृषिमा कृषकलाई प्रोत्साहन: विष्णुपादुका माई मन्दिर हेमजाको शान' नाराका साथ हुन लागेको उक्त महोत्सव अन्तर्गत उत्कृष्ट किसान सम्मान लगायत हिलोमा फुटवल, महिला पुरुष हिले दौड, रसि तान्ने, घैटो फुटाउने, धान रोप्ने, हल गोरु तथा जोडी दौड, हिले नाँच, माछा तथा भाले समाउने, असारे गीत, झाँकी लगायतका प्रतियोगिता आयोजना गर्न लागिएको हो। कृषकलाई किसान हुनुमा गर्व तथा हर्ष दिलाउँदै युवा पुस्तालाई कृषितर्फ आकर्षण बढाउने उद्देश्यका साथ महोत्सव गर्न लागिएको मूल आयोजक समितिका अध्यक्ष हरिशरण पौडेलले जानकारी दिए।महोत्सवसँगै हेमजा लगायत विष्णुपादुका माई मन्दिरमा पर्यटक आगमन बढ्ने अपेक्षा पनि गरिएको छ।

# पुन समाजको १७ औं राष्ट्रिय सम्मेलन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा ९ असार

पुन समाजको १७ औं राष्ट्रिय सम्मेलन पोखरामा सम्पन्न भएको छ। पोखरा १० रामघाटस्थित पुन समाजको सभाहलमा एक भव्य समारोहका बीचमा उक्त राष्ट्रिय सम्मेलन सुरु भएको हो।

राष्ट्रिय सम्मेलनमा वक्ताहरुले पुनहरुको अधिकार कटौती गर्ने आफुहरुलाई स्विकार्य नभएको बताए। उनीहरु प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले काठमाडौंको एक कार्यक्रममा मगरजाती भएकै कारण मन्त्री बनाएको भन्ने अभिव्यक्तिको विरोध गर्दै एक जाती भएकै कारण त्यसो भन्नु गलत भएको बताए। उनीहरुले पुन समाजलाई समेत जातीय सूचीमा राखेकोमा खुसी व्यक्त गरेका छन्। राष्ट्रिय सम्मेलनको उद्घाटनपश्चात बोल्दै प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य खम बहादुर गबुर्जा पुनले प्रधानमन्त्रीले संविधानविरुद्ध बोल्ने अधिकार नभएको र आफुले संसदमा उक्त कुरा जोडदार तरिकाले उठाउने बताए। आफु सत्तापक्षकै सांसद भएपनि आफ्नो समाजको विषयमा र अधिकार खोज्ने विषयमा पछि नहट्ने प्रतिबद्धता व्यक्त गरे।

'म पनि सत्तापक्षकै सांसद हुँ। तर जसले जे गरेपनि त्यो हेरेर बस्न सकिदैन। प्रधानमन्त्री ज्युले संविधानविरुद्ध बोल्ने अधिकार छैन। जनताको आवाज बोल्ने ठाउँ प्रतिनिधि सभामा हो त्यहाँ मैले जोडतोडले आवाज उठाउनेछु त्यसमा तपाईँहरु ढुक्क हुनुस' उनले भने। यस्तै राष्ट्रि तथ्यांक विभागले पुनका लागि निकै राम्रो कदम चालेको र त्यो कदम प्रसंशनीय योग्य रहेको उनको भनाइ छ। संविधानमै टेकेर तथ्यांक निकाल्दै पुन समाजलाई समेत आदिवासी जनजाती बनाउनु खुसीको कुरा रहेको सुनाए।

राष्ट्रिय आदिवासी जनजाती महासंघ केन्द्रिय अध्यक्ष चन्द्रसिंह गुरुङले समाश्या र सवाल बोकेका जाती एक भएर अघि बढिरहेको बताए। उनले हिमाल पहाड र तराईका धेरै समाज विशेषगरी आफ्नो पहिचान नभएका कारण उनले सुनाए। आफुहरुले राज्यमा अधिकार नपाएको र राज्यसत्तामा पहुँच नपुगेको उनको भनाई थियो। राज्यसत्तामा पहुँच पुऱ्याउनका लागि एक भएर अघि बढिरहेको र तथ्यांकमा केही कुरा छुटपुट भएतापनि वर्षौ लगाएर तथ्यांक निकालेको कुरा सकरात्मक लिएको बताए। केही समाजको विरोध र राज्यपक्षबाट तोडमोड गर्ने खेल गरेको कारण राज्यपक्षसँग प्रश्न गर्नुपर्ने उनको भनाइ छ। सामन्तवादी सोँच भएका व्यक्ति अहिलेको राज्यसत्तामा रहेको उनले आरोप लगाए। आजको राज्यसत्ता आदिवासी जनजातीकै योगदानका कारण आएको उनले बताए। पहिचानको खोजी गर्दा आफुहरुले कसैको विरोध नगरेको खाली आफ्नो अधिकार मात्रै मागेको धारणा व्यक्त गरे। समानताको हक दिएको र सोही अधिकार मात्र खोजेको उनले बताए। पुन समाजका निवर्तमान अध्यक्ष प्रताप पुर्जा पुनले आफुले पहिला नै उठाएको पुनको अधिकारको कुरा अहिले मिडिया र बजारमा चर्चा भएको बताए। उनले हाल पुनको अधिकार कटौती गर्ने काम भइराखेको र यो काम रोकिनुपर्नेमा जोड दिए। उनले पुनहरु कोहि नभएको र चार पाँच जना पुनले उक्सुकाएको भन्ने खालको धारणा केन्द्रस्तरमा देखिनु गलत भएको र त्यसलाई सुधार गर्नुपर्ने बताए। प्रधानमन्त्री प्रचण्डले एक कार्यक्रममा मगर भएकै कारण मन्त्री बनाएको भन्ने कुराको विरोध गर्दै अब पुनहरु औलामा गन्ने स्थिति नरहेको बताए। पुनहरुको अधिकारको संरक्षण गर्ने अधिकार पुनकै रहेको र अन्य कसैको नरहेको बताए। पुनको अधिकार गुम्नुको पछाडी पुनहरु पार्टीको निर्देशनमा हिड्नु रहेको उनले बताए। उनले अब अधिकारका लागि पार्टीभन्दा माथि उठेर बुद्धि विवेकले एक हुन अनुरोध गरे।

राष्ट्रिय सौन्दर्यकर्मी महासँघ अध्यक्ष मिना गुरुङले धर्म संस्कृति परम्परालाई एकृकित भएर अगाडी बढाउनेमा विश्वास व्यक्त गरिन्। उनले मानिसको सबैभन्दा ठुलो धर्म मानव धर्म रहेको र त्यसमा पुन उनले देश विकासका लागि समेत योगदान गर्ने बताइन्। मौलिक संस्कृति र धर्मको पहिचानका लागि एक जुट भएको बताइन्।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य खमबहादुर गर्बुजाले दिप प्रज्वलन गरि गरेका थिए। २०७८ तथ्यांकअनुसार पुन जाती छुट्टै जातीको रुपमा तथ्यांकित गरेको खुसीयालीमा हेलिकप्टरबाट पुष्पवृष्टि समेत गरिएको थियो। कार्यक्रममा पुन जातीको संस्कृतिसँग जोडिएका तृत्यहरु समेत प्रस्तुत गरिएको थियो। पुन समाज नेपालका केन्द्रीय अध्यक्ष भीमबहादुर फलामी पुनले जातीय पहिचानको लडाईंमा १७ औं राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने अवस्थासम्म आउँदा धेरै मिहेनत, कष्ट र आर्थिक सहायता प्राप्त भएको बताए।

# शिवालय माविमा शैक्षिक सामग्री निर्माण सम्बन्धी दुईदिने कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

कास्कीको रुपा गाउँपालिका-२, थुम्कीस्थित शिवालय माध्यमिक विद्यालयमा शैक्षणिक सामग्री निर्माणसम्बन्धी दुईदिने कार्यशाला शनिबार सम्पन्न भएको छ।

राइट फर चिल्ड्रेनको सहयोगमा शुक्रबार र शनिबार गरी दुई दिनसम्म सञ्चालन भएको तालिममा शिक्षा तालिम केन्द्र, गण्डकी प्रदेशका प्रशिक्षक प्रकाश देवकोटाले सहजीकरण गरेका थिए। उनले बालविकास कक्षादेखि कक्षा १२ सम्मका सबै विषयका लागि आवश्यक सामग्री निर्माणसम्बन्धी सिपमा आधारित कार्यशाला सञ्चालन गरेका थिए। शिक्षकले आधारभूत ज्ञान र सिप हासिल गरेपछि विद्यार्थीहरूलाई नै प्रयोग गरेर शैक्षणिक सामग्री निर्माण गर्नुपर्नेमा देवकोटाले जोड दिए। पाठ्यपुस्तकका आधारमा मात्र होइन, शैक्षणिक सामग्रीका आधारमा अध्यापन कार्य गर्ने हो भने सिक्दिनँ भन्ने विद्यार्थीले पनि थाहै नपाई सिक्न सक्ने भन्दै देवकोटाले शैक्षणिक सामग्रीबिना कक्षाकोठामा नजान शिक्षकहरूलाई आग्रह गरे। कार्यशालाको दोस्रो दिन विषयगत समूहमा निर्मित सामग्रीको प्रदर्शनीसमेत गरिएको थियो। सैद्धान्तिक पढाइभन्दा माथि उठेर सिकाइ सहजीकरण गर्नका लागि



तालिमबाट प्राप्त ज्ञान र सिपले ठुलो भूमिका खेल्ने सहायक प्रधानाध्यापक ऋषिराम ओझाले धारणा राखे। आफूले लिएका तालिममध्ये सम्भनलायक तालिम यस पटक लिन पाएको आधारभूत तह इनचार्ज विश्वनाथ सुवेदीले प्रतिक्रिया दिए। तालिम अत्यन्तै उपयोगी भएकाले यसलाई अन्य सरकारी निकायले पनि निरन्तरता दिनुपर्ने अङ्ग्रेजी विभागका संयोजक बुद्धिराम विश्वकर्माले बताए। उनले आफ्नो जीवनकै सर्वाधिक प्रभावकारी तालिमका रूपमा कार्यशालालाई चित्रण गरे। राइट फर चिल्ड्रेनकी शिक्षा अधिकृत मञ्जुकुमारी थापाले संस्थाले पनि पहिलो पटक यस प्रकारको कार्यक्रम आयोजना गरेकाले कस्तो होला भन्ने लागेको अवस्थामा कल्पना गरेभन्दा राम्ररी तालिम सम्पन्न भएकोमा खुसी व्यक्त गरिन्। उनले संस्थालाई प्राप्त प्रस्तावनाहरूमध्ये शिवालयको प्रस्तावना फरक खालको भएकाले स्विकृत गरिएको बताइन्। आगामी दिनमा पनि फरक खालको तर उपयोगी कार्यक्रमहरूमा सहकार्य गर्न संस्था तयार रहेको थापाको भनाइ थियो। यसअघि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनपति ओझाले कार्यक्रमको औपचारिक उद्घाटन गरेका थिए। विद्यालयका प्रधानाध्यापक रुपिन्द्र प्रभावीले सकेसम्म गाउँपालिकाको सहयोगमा र नभए विद्यालयले अन्य स्रोत जुटाएर भए पनि यस वर्ष शैक्षिक प्रदर्शनी गरिने जानकारी दिए।

विद्यालयले हालै अङ्ग्रेजी माध्यमको सिकाइ सहजीकरण सिप विकाससम्बन्धी पाँचदिने तालिम सम्पन्न गरेको थियो। सो तालिम विद्यालयमै गठित अङ्ग्रेजी विभागको संयोजनमा भएको थियो।

# नेपाल नेदरल्याण्डससँग पराजित

**रासस**
काठमाडौं ९ असार

आइसिसी एकदिवसीय विश्वकप छनोटमा नेपाल नेदरल्याण्डससँग पराजित भएको छ। यो हारसँगै नेपाल सुपर सिक्समा पुग्ने सम्भावना टुङ्गिएको छ।

जिम्बावेको हरारेस्थित ताकासिङ्गा स्पोर्ट क्लबको मैदानमा आज भएको समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल नेदरल्याण्डससँग सात विकेटले पराजित भएको हो। जितसँगै नेदरल्याण्डस् भने सुपर सिक्समा प्रवेश गरेको छ।त्यस्तै यस खेलसँगै समूह 'ए' बाट सुपर सिक्समा पुग्ने टोलीको टुङ्गोसमेत लागेको छ। समूह 'ए' मा रहेको नेपाल र अमेरिका प्रतियोगिताबाट बाहिरिएका छन् भने नेदरल्याण्डस्, जिम्बावे र वेस्टइन्डिज प्रतियोगिताको सुपर सिक्समा प्रवेश गरेका छन्। नेदरल्याण्डस्को जितमा म्याक्स ओडाउडले ७५ बलमा आठ चौका र छ छक्कासहित ९० रन बनाए। त्यस्तै साव डि लिडेले ४१ रन र विक्रमजित सिंहले ३० रन बनाए। नेपालका सन्दीप लामिछानेले दुई विकेट र गुल्सन झाले एक विकेट लिए।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४४ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै एक सय ६७ रनको योगफल बनाएको थियो। नेपालका लागि कप्तान रोहित पौडेलले ३३, कुशल भुर्तेल र सन्दीप लामिछानेले समान २७-२७, भीम सार्कीले २२, गुल्सन झाले १५, दीपेन्द्रसिंह ऐरीले १४ र कुशल मल्लले १२ रन बनाए।

नेदरल्याण्ड्सका लागि लागन भान विकले चार विकेट लिए भने विक्रमजित सिंह र बास डि लिडेले समान दुई-दुई विकेट हात पारे। त्यस्तै क्लेटन फ्लोयड र आर्यन दत्तले समान एक-एक विकेट लिए। नेपाल यसअघि जिम्बावेसँग आठ विकेट र वेस्टइन्डिजसँग एक सय एक रनको फराकिलो अन्तरले पराजित भएको थियो। त्यस्तै नेपालले अमेरिकालाई भने ६ विकेटले पराजित गरेको थियो।

यसअघि जिम्बावेसँग छ विकेटले पराजित नेदरल्याण्डस्ले अमेरिकालाई पाँच विकेटले हराएको थियो। समूह चरणको आफ्नो अन्तिम खेल सोमबार नेदरल्याण्डस्ले वेस्टइन्डिजसँग खेल्नेछ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १७ स्थित स्वास्थ्य चौकीदेखि महतगौडासम्मको बाँकी सडक स्तरोन्नति कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: स्वास्थ्य चौकीदेखि महतगौडासम्मको बाँकी सडक स्तरोन्नती**

**स्थान: पोखरा-१७, कास्की**
**योजना सम्झौता मिति : २०८०/०१/०४ गते**
**योजना सुरु भएको मिति : २०८०/०१/०५ गते**
**योजना सम्पन्न गर्ने मिति: २०८०/०२/३२ गते**
**योजनाको कुल लागत : रु. ५५,६३,११८.४९।-**
**पूर्वाधार विकास कार्यालयबाट व्होर्ने लागत : रु. ५०,००,०००।-**
**जन सहभागितावाट : रु. ५,६३,११८.४९**
**उपभोक्ता समिति अध्यक्ष: लक्ष्मण भण्डारी**
**सम्पर्क नं.: ९८४६०८३९४३**

**स्वास्थ्य चौकीदेखि महतगौडासम्मको बाँकी सडक स्तरोन्नती निर्माण उपभोक्ता समिति पोखरा-१७, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ स्थित अर्चलबोटमा शौचालय निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम:** शौचालय निर्माण
**उपभोक्ता समितिको नाम:** शौचालय निमार्ण उपभोक्ता समिति, पोखरा-२२
**योजना सम्झौता मिति** : २०८०/०१/१२
**योजना सुरू मिति** : २०८०/०१/१३
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/०५ गते
**महानगरपालिका बाट** : ५,००,०००/-
**उपभोक्ताबाट** : ६५,०००/-
**कुल लागत** : ५,६५,०००/-

**उपभोक्ता समिति**
**संयोजक** : गंगादेवी वास्तोला
**सहसंयोजक** : भिमनाथ वास्तोला
**सचिव** : श्याम वास्तोला
**कोषाध्यक्ष** : गिरीधारी वास्तोला
**सदस्यहरु**: भेषकुमारी वास्तोला, रामचन्द्र वास्तोला, सिता वास्तोला, तोयनाथ सुवेदी र भगवान वास्तोला

**अनुगमन समिति**
**संयोजक**: तारा वास्तोला
**सदस्य**: पूजा वास्तोला
**सदस्य**: रामजी वास्तोला

# मादीमा एकल पुरुषलाई भत्ता, हलगोरु पाल्ने कृषकलाई अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

कास्कीको मादी गाउँपालिकाले पालिकाका एकल पुरुषलाई सामाजिक सुरक्षाबापत मासिक भत्ता दिने भएको छ।

पालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा ६० देखि ६८ वर्षका विपन्न एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता दिने घोषणा गरिएको छ। गाउँपालिका अध्यक्ष देवीजङ्ग गुरुङले अध्यक्षसँग विदुर कार्यक्रमअन्तर्गत विपन्न विदुरको सामाजिक सुरक्षाका लागि मासिक भत्ता उपलब्ध गराउन कार्यविधि तर्जुमा गरी लागू गरिने बताउनुभयो।

यसैगरी पालिकाले हलगोरु पाल्ने किसानलाई अनुदान दिने भएको छ। गोरु संरक्षण गर्न हलगोरु पाल्ने किसानलाई अनुदानको व्यवस्था गरिने अध्यक्ष गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, "गोरु संरक्षण र कमजोर किसान संरक्षणअन्तर्गत हलगोरु पाल्ने कृषकलाई अनुदान दिनका लागि आवश्यक व्यवस्था मिलाइने छ।" उत्पादनमा अनुदानअन्तर्गत दूध अण्डामा अनुदान दिइने पालिकाले जनाएको छ। मादीले 'किसानसँग गाउँपालिका' कार्यक्रम सुरु गर्ने भएको छ।

जसबाट गाउँपालिकालाई तरकारी उत्पादन, फलफूल उत्पादन, रैथाने बाली संरक्षण र उत्पादन र मौरीपालनको पकेट क्षेत्रमा विकास गर्ने नीति कार्यक्रममा रहेको छ। मादीको नीति तथा कार्यक्रममा कृषि एम्बुलेन्स खरिद, स्थानीय कृषि उत्पादनहरू सिन्की, गुन्द्रुक तथा राडी, भाङ्रा र बख्खुको ब्राण्डिङ गरिने कार्यक्रम समावेश छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारअन्तर्गत हरेक शुक्रबार विद्यालयमा अतिरिक्त क्रियाकलाप गरिने र त्यसको लागि 'नो ब्याग, नो बुक' कार्यक्रम ल्याइएको छ। पालिकाको आफ्नै पाठ्यक्रम निर्माण, सामुदायिक विद्यालयले बस सञ्चालन गर्न चाहेमा ५० प्रतिशत अनुदान, हरेक विद्यालयमा कम्प्युटर र छात्रवृत्ति प्रदान गरिने अध्यक्ष गुरुङले बताउनुभयो।

यसैगरी मादीको गौरव आयोजनाका रुपमा सिक्लेस-कोरी-मनाङसम्म जाने पदमार्गलाई शान्ति मार्गको रुपमा विकास गरिने नीति कार्यक्रममा उल्लेख छ। शान्तिमार्गलाई सङ्घीय सरकारसँग समन्वय गरिने पालिकाले जनाएको छ।

सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा पालिकास्तरीय खेल मैदान निर्माणलाई अघि बढाइने, अध्यक्ष कप खेल कार्यक्रम आयोजना र गर्ने प्रज्ञा प्रतिष्ठानको स्थापनालाई नीति कार्यक्रममा समावेश गरिएको छ। भूमि बैंक स्थापना गरी बाँझो जग्गा गाउँपालिकाले लिजमा लिई वास्तविक किसानलाई जग्गा लिजमा दिई उत्पादनशिल क्षेत्रमा लगानी केन्द्रित गर्ने गरिने अध्यक्ष गुरुङले बताउनुभयो।

यसैगरी जग्गा चक्लाबन्दी गरी उत्पादन वृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने नीति कार्यक्रममा समावेश छ।